# 2018 को विधान परिषद निर्वाचनबारे संक्षिप्त जानकारी

## मतदानको मिति र समय

- मतदान दिन: 11 मार्च 2018 (आईतबार)
- मतदान अवधि: बिहान 7:30 देखि रातीको 10:30 सम्म

## निर्वाचित हुन पर्ने सदस्यहरुको संख्या

- प्रत्येक हङकङ आईल्याण्ड, काउलुन वेस्ट साथै न्यु टेरिटेरिज् ईस्ट जोग्राफिकल कन्स्ट्युटेन्सिज (पूर्वी भौगोलिक संसदहरु) बाट एक सदस्य
- आर्किटेक्चरल, सर्भेइङ, प्लानिङ साथै ल्याण्डस्केप फङ्सनल कन्स्ट्युटेन्सि

## नामांकन अवधि

- मतदाताका लागि नामांकन अवधि: 16 - 29 जनवरी 2018
- नामांकन फारमहरु जिल्ला कार्यालयहरुको रिटर्निङ अफिसरहरुको कार्यालयहरु र दर्ता तथा मतदानको (“REO”) कार्यालय 10/F, हार्वर सेन्टर, 25 हार्वर रोड, वान चाई वा युनिटस् 2301-2303 मिलिनियम सिटि 6, 392 कुन तोङ्ग रोड, कुन तोङ्गमा उपलब्ध छन्। सो फारमहरु REO को वेवसाईटबाट (www.reo.gov.hk) डाउनलोड गर्न पनि सकिन्छ।

## मतदानका लागि व्यवस्थापन

- हङकङ आईल्याण्ड, काउलुन वेस्ट साथै न्यु टेरिटेरिज् ईस्ट जोग्राफिकल कन्स्ट्युटेन्सिज (पूर्वी भौगोलिक संसदहरु) साथै आर्किटेक्चरल, सर्भेइङ, प्लानिङ साथै ल्याण्डस्केप फङ्सनल कन्स्ट्युटेन्सिजका दर्ता भएका मतदाताहरु जसको नाम 2017 अन्तिम मतदाताहरुको दर्तामा समावेश छन्,उनीहरुले उप-निर्वाचनमा आफ्नो मत(हरु)दिन सक्छन्।
- हरेक मतदाताको लागि एक मतदान केन्द्र तोकिएको हुनेछ।
- सम्बन्धित मतदाताहरूलाई चुनाब भन्दा करीब10 दिन अघि मतदान केन्द्र देखाउने कार्ड जारी गरिनेछ।
- व्हीलचेयर प्रयोग गर्ने वा हिड्डुल गर्न नसक्ने मतदाताहरूको लागि तोकिएको मतदान केन्द्र प्रयोग गर्ने खालको छ वा छैन भनि पोल कार्डसँग भएको स्थान चित्रमा जनाएको हुनेछ।

व्हीलचेयर प्रयोग गर्ने वा हिड्डुल गर्न नसक्ने मतदाताले यदि तोकिएको मतदान केन्द्र प्रयोग गर्न नसक्ने किसिमको भएको पाएमा उनीहरुले व्हीलचेयर पुग्न सक्ने वा हिड्डुल गर्न सक्ने किसिमको तोकिएको विशेष मतदान केन्द्रमा मत खसाल्न सक्न पाउन भनि REO लाई **6 मार्च 2018 (मंगलबार)** अगाडि (2891 1180) मा फ्याक्स गर्न सक्नुहुन्छ, (reoenq@reo.gov.hk) मा ईमेल, (2891 1001) मा टेलिफोन वा(दर्ता तथा मतदानको कार्यालय 10/F, हार्वर सेन्टर, 25 हार्वर रोड, वान चाई) पठाउनु सक्नुहुन्छ।

- यदि मतदाताहरूलाई चुनावको जानकारीबारे अनुवादको सहयोग चाहिएमा उनीहरूले अल्पसंख्यक जातीयहरूको लागि केन्द्र ("CHEER") मा **26 फेब्रुअरी 2018** देखि हटलाइन मार्फत फोन गर्न सक्नुहुन्छ।

| **भाषा** | **हटलाइन न.** |
|---|---|
| बहासा ईन्डोनेशिया | 3755 6811 |
| तागालोग | |
| थाई | |
| हिन्दी | 3755 6822 |
| नेपाली | |
| उर्दू | 3755 6833 |
| पन्जाबी | |

**भोट कसरी हाल्ने ?**

- तोकिएको मतदान केन्द्रमा तपाईको सक्कली हङकङको परिचय पत्र  वा अन्य तोकिएको वैकल्पिक कागजात(हरु) लिएर आउनुहोस् र मतदान कर्मचारीलाई उपयुक्त कागजातहरु प्रस्तुत गर्नुहोस्। यदि आवश्यक भएमा, कृपया REO लाई स्विकार्य तोकिएको वैकल्पिक कागजात(हर) बारे बुझ्न 1 डिसेम्बर 2017 पछि सम्पर्क गर्न सक्नुहुन्छ।

- तपाईलाई तपाईको हकअनुरुप एक वा दुई अलग मतपत्र दिईनेछ, साथै एक कार्डबोर्डसँगै "✓" (टिक) चिन्ह भएको चप पनि दिईनेछ। भौगोलिक संसदिय मतपत्रहरु कर्मचारीद्वारा अगाडि नै दोबारेर राखिएको हुन्छ। मतदान कक्ष भित्र तपाईले मतपत्रमा चिन्ह लगाउनको लागि प्रदान गरिएको चप प्रयोग **गर्नै** पर्छ।

- तपाईले मतपत्रमा आफ्नो रोजाईको उम्मेदवारको नामको विपरितको गोलो घेराभित्र चिन्ह लगाउन कार्डबोर्डसँगै भएको "✓" (टिक) चिन्ह भएको चपको प्रयोग गर्नुपर्छ। प्रत्येक मतपत्रमा **एउटा** उम्मेदवारको लागि मात्र भोट हाल्नुहोस्। यदि तपाईले मतपत्रमा चप

लगाउदा कुनै भूल गर्नु भयो भने वा जानेर मतपत्र बिगार्नु भयो भने, कृपया त्यहाँ भएको अधिकृतलाई मतपत्र फिर्ता गर्नुहोस् र अर्को साट्नको लागि भन्नुहोस्।

- मतपत्रमा अंकन पछि:

  (a) **नीलो** मतपेटिकामा मत हाल्नुअघि भौगोलिक संसदिय मतदाताले अंकित भाग भित्र परेर "✓" (टिक) चिन्हलाई लुकाउने गरी मतपत्रलाई मतकेन्द्रको कर्मचारीले सुरूमै दोबारेझै एकपल्ट दोबारेर हाल्नुहोस्;

  (b) आर्किटेक्चरल, सर्भेइङ, प्लानिङ साथै ल्याण्डस्केप फङ्सनल कन्स्ट्युटेन्सि (कार्यात्मक संसदिय) मतदाताले मतपत्र दोबार्नु हुँदैन। कृपया सो मतपत्रलाई तलतिर पल्टाएर **रातो** मतपेटिकामा हाल्नुहोस्।

**स्वच्छ निर्वाचन**

भ्रष्टचार विरूद्ध स्वतन्त्र आयोगले (ICAC) लागू गरेको निर्वाचन (भ्रष्ट र अवैध व्यवहार) अध्यादेश (अनुशीर्षक 554) अनुसार मतदाताले यी कुराहरू गर्नुहुँदैन:

- निर्वाचनको बेला मतदान नगर्न, वा विशेष उम्मेदवारलाई मतदान दिन वा नदिन कुनै व्यक्तिबाट कुनै लाभ(उदाहरणको लागि पैसा, उपहार लगायत),खानपिन वा मनोरन्जनको सल्लाह दिनु वा स्वीकार गर्नु;
- कसैको मतदान गर्ने निर्णयलाई प्रभाव पार्न बल प्रयोग गर्नु वा अवरोध गर्ने धम्की दिनु;
- मतदान गर्ने हकदार ब्यक्ति होइन भन्ने थाहा हुँदाहुदै पनि मतदान गर्ने; वा थाहा भएर पनि लापरवाही तरीकाले निर्वाचन अधिकारीलाई गलत जानकारी(उदाहरणको लागि गलत निवासको ठेगाना) दिनु।